# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स.

च.न. ८३४

मिति : २०७७/०५/३१

विषय : विद्यार्थी सिकाइ सहजीकरण

श्री सवै सामुदायिक तथा संस्थागत विद्यालय

रत्ननगर नगरपालिका ,चितवन

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मा. मन्त्रीस्तरीय निर्णयवाट विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ मिति २०७७।०५।१९ मा स्वीकृत भएको छ। निर्देशिका वमोजिम निम्नानुसार गर्नु गराउनु हुन अनुरोध छ।

क. निर्देशिकाको दफा ३ वमोजिम विद्यार्थी अभिलेख तयार गरी वर्गीकरण समेत गरी विद्यार्थीको नाम ,वावु र आमाको नाम ठेगाना सम्पर्क नं. विद्यार्थीको समूहकृत वर्ग र स्रोत साधनको पहुँचको अवस्थाको अभिलेख तयार गरी गराई यस नगरपालिकामा आश्विन १५ भित्र पेश गर्न हुन।

ख. विद्यालयलयले सिकाइ सहजीकरण कार्यक्रम संचालन गर्दा साप्ताहिक र मासिक समय एवं कार्यतालिका तयार गरी प्रकाशन गरी सम्वन्धितलाई जानकारी गराउनु हुन।

ग. स्वयंसेवक परिचालनका लागि वडा कार्यालयसँग समन्वय गरी कार्यान्वयन गर्नु गराउनु हुन।

घ. समुहगत सिकाइ कार्यक्रम सम्वन्धी निर्देशिकाको दफा ५ वमोजिम गर्न हुन।

ङ. कक्षागत विद्यार्थी यकिन गरी सवै विद्यार्थीहरुलाई पाठ्यपुस्तकको सामुदायिक विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउने र संस्थागत विद्यालयले सबै विद्यार्थीहरुसँग पाठ्यपुस्तक भए नभएको अभिलेख तयार गर्न हुन।

च. विद्यार्थीहरुलाई वैकल्पिक सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउने वेभसाइट, टि.भि. कार्यक्रम, रेडियो कार्यक्रम र विद्यालयबाट संचालन हुने अनलाइनका सबै कार्यक्रमहरु सम्बन्धित अभिभावक र विद्यार्थीहरुलाई जानकारी गर्ने गराउन हुन।

छ. सिकाइको मूल्याङ्कन, अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणिकीकरणको व्यवस्था मिलाउन हुन।

ज. अन्य स्रोतबाट उपलब्ध सामग्रीको अलवा अन्य सामग्रीको विकास गरी प्रधानाध्यापकबाट स्वीकृत गराई विषय शिक्षक वा कक्षा शिक्षकले विद्यार्थी सिकाइ सहजीकरण समेत गराउने र सोको जानकारी प्रधानाध्यापक मार्फत नगरपालिकामा लिखित रुपमा उपलब्ध गराउन हुन।

देवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

झ. दफा २२ अनुसारको विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको भूमिका सम्बन्धमा विद्यालय व्यवस्थापन् तथा विद्यालय प्रशासनको संयुक्त बैठक राखी जानकारी गराउन हुन ।

ञ. दफा २३ को शिक्षकको भूमिका सम्बन्धमा सबै शिक्षकहरुलाई जानकारी गराउन हुन ।

ट. दफा २४ अनुसारको अभिभावकको भूमिका सम्बन्धमा शिक्षक अभिभावक संघ सँग समन्वय गरी अभिभावकहरुलाई सचेतीकरण गर्न गराउन हुन ।

ठ. विद्यार्थी सिकाइ सहजीकरणमा विद्यालयले गरेका राम्रा अभ्यास, समस्या, चुनौती र मुद्धा एवं समाधानका उपाय सहितको विवरण तयार गरी सम्बन्धित वडा अध्यक्षलाई र यस नगरपालिकामा उपलब्ध गराउन हुन ।

ड. विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रम संचालनका लागि कार्ययोजना निर्माण गरी वि.व्य. स बाट स्वीकृत गराई कार्यान्वयन गर्न गराउन हुन ।

ढ. आफ्नो सेवा क्षेत्र कोरोना (Covid-19) को संक्रमण अवस्था पहिचान गर्न तथा स्वास्थ्य सुरक्षाका उपायको उपयोगको अनुगमन गरी सचेतीकरण गराउन नजिकको शिक्षकहरु खटाई प्रतिवेदन तयार गरी सम्बन्धित वडामा बुझाइ नगरपालिकामा वोधार्थ दिन हुन ।

..............................
टुक्राज पोखेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्री सबै वडा कार्यालयहरु

रत्ननगर नगरपालिका : आवश्यक सहयोग तथा सहजीकरण गर्न गराउन हुन ।

पुनश्च : यस निर्देशिका शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np. मा उपलब्ध छ ।